वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

**विषयः- सरसफाई केन्द्रमा रहेको कवाडी जन्य सामान निकासी करको बोलपत्र सम्बन्धी बढाबढ सूचना ।**

प्रथम पटक सूचना प्रकाशित मिति २०७८।११।३० गते

स्थानीय सरकार संचालन ऐन २०७४ तथा नगरसभाबाट स्वीकृत आर्थिक ऐन २०७८ एंव मिति २०७८।१०।२९ गतेको सरसफाई समितिको बैठकको निणर्यानुसार आ.व. २०७८/०७९ को लागि आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्ती) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरीएको छ । तोकीएको न्यूनतम अंकमा नघटने गरी निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसारको सिलबन्दी फाराम खरिद गरी रतिपूर्वक सिवबन्दी दरभाउपत्र पेश गर्न १५ (पन्ध्र) दिने यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

ठेक्का न. २/२०७८/०७९ को कवाडी विक्री तथा निकासी शुल्क, दस्तुर संकलन कार्य।

| क.स. | ठेक्का नं. | ठेक्काको नाम | आ.व. २०७८/०७९ को लागि न्यूनतम अंक रु. (भ्याट बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | २/२०७८/०७९ | वालिङ नगरपालिका सरसफाई केन्द्रको कवाडी जन्य सामान निकासी | २,००,०००।० (अक्षेरुपी दुई लाख रुपैया मात्र) | १०००।० |

शर्तहरु:

१) सिलबनदी दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मिति २०७८।११।३० गते देखी १५ दिन(मिति २०७८।१२।१४) गते भित्र चालु आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र । आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्र, । कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लेखीत दस्तुर (पछि फिर्ता नहुने गरी) तिरि यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ ।

२) सिलबन्दी १६औं दिनको मिति २०७८।१२।१५ गते मध्यान्ह १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । सिरबन्दी दाखिला गर्दा सिलवन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा सिलबन्दीवालाको नाम ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नु पर्नेछ । सिलवन्दी खरिद तथा दाखिला गर्ने अन्तीम दिन सार्वजनीक विदा परेमा उक्त कार्य कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३) सिलबन्दी साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड शाखा वालिङ स्थित ग ३ धरौटी खाता नं. ०८३०३०००००००३००००१ मा जम्मा गरेको सक्कलै बैक भौचर वा मान्यता प्राप्त वैकबाट कार्यसम्पादन जमानत पेश गर्ने पर्नेछ।

४) म्याद भित्र दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु दर्ता भएको अन्तीम दिनको १.३० बजे पछि कार्यालयका प्रतिनधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट विक्री नभएको सिलबन्दी दरभाउपत्र फाराम भरी आएको सिलबन्दी दरभाउपत्र वालाको दस्तखत एंव छाप नभएको प्रचलित कानूनको रित नपुगेको र शर्त राखी पेशभएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन् । दरभाउपत्र वालाको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) सिलबन्दी दरभाउपत्रमा कवोल गरेको मु.अ.कर बाहेकका रकम अंक र अक्षरमा स्पष्ट स्वरुपमा लेख्नु पर्नेछ । अंक र क्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउमा अनिवार्य दस्तखत र छाप हुनु पर्नेछ।

६) वोलपत्र स्वीकृत भएपछि कवोल अंकको ५ प्रतिशत ले हुन आउने रकम नेपाल बैंक लिमिटेड शाखा वालिङ स्थित यस कार्यालयको धरौटी खाता नं. ०८३०३०००००००३००००१ मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको जमानत पत्र (Performance Bond) सम्झौता गर्नु अघि पेश गर्नु पर्नेछ ।

७) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटको मयाद बाहेक ७ दिन भित्र आफले कवोल गरेको अंकको एकमुष्ट रकम राजश्व शाखामा नगदै वा यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि.शाखा वालिङमा रहेको खाता नं. ०८३०३००००१००१००००१ मा जम्मा गरेको सक्क्लै बैक भौचर पेश गरी ठेक्का कबोलियत गर्न आउनु पर्नेछ ।

८) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बांकी रहेका व्यक्ति वा र्फमहरुले बांकी रकम चुक्ता नगरे सम्म र पेस्की/वेरुजु बांकी हुनेले फर्छयौट नगरेसम्म सिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन।

९) दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा आशिंक रुपले स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०) यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुने छ साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको सिलवन्दी दरभाउपत्र वालाले पालना गर्नु पर्नेछ ।

११) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत